**Embassy of the United States**
**Public Affairs Office**
Kathmandu, Nepal
Tel: 400-7200

मार्च २०, २००८

## अमेरिकी राजदूतावासद्वारा समवेदना, निर्वाचन आचारसंहिताको पालना गर्न सबैसँग अनुरोध

हालै बाँके र रोल्पा जिल्लामा मारिएका राजनैतिक व्यक्तित्वहरुका परिवारजनमा संयुक्त राज्य अमेरिकी राजदूतावास हार्दिक समवेदना प्रकट गर्दछ । यसरी मारिनेमा बाँके निर्वाचन क्षेत्र २ बाट राष्ट्रिय जनमोर्चाका तर्फबाट संविधानसभा निर्वाचनका उम्मेदवार कमलप्रसाद अधिकारी पनि हुनुहुन्थ्यो जसमाथि खबरअनुसार एक सशस्त्र मधेशी समूहद्वारा उहाँकै निवासमा गोली हानिएको थियो र त्यसको केही समयपछि हिजो मार्च १९ तारिखको बिहान उहाँको मृत्यु भएको थियो । यस्ता आक्रमण, अपहरण, र निर्वाचन प्रक्रियालाई कमजोर तुल्याइरहेका अन्य क्रियाकलापप्रति हामीलाई दुख लागेको छ । जुनसुकै समूहबाट गरिएको भएपनि यस्ता हिंसा वा भय फैलाउने क्रियाकलापको हामी भर्त्सना गर्दछौं, र तराईका सशस्त्र समूह तथा माओवादी र उसको योङ कम्युनिष्ट लीगद्वारा हुनेगरेका हिंसा वा भय फैलाउनेका क्रियाकलापको अन्त होस् भन्ने आग्रह गर्दछौं । हामी सबै नेपालीलाई निर्वाचन आचारसंहिता पालना गर्न तथा चैत २८ को संविधानसभाको निर्वाचन स्वतन्त्र र निष्पक्ष ढंगबाट गर्न सकिने वातावरणको निर्माणमा सहयोग पुऱ्याउन आग्रह गर्दछौं । यो ऐतिहासिक निर्वाचनमा आफ्नो तर्फबाट नेपाललाई सहयोग पुऱ्याउन संयुक्त राज्य अमेरिका प्रतिबद्ध छ ।

####